# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड . १ सङ्ख्या.३४ मिति: २०८१/०९/२८

## भाग-२

## तलकोट गाउँपालिका

# तलकोट गाउँपालिकाको

# " घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७०९।१३

प्रस्तावना :

स्थानीयस्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरूलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारिदर्शीता, स्वच्छता, ईमान्दारिता, जवाफदेहीता, विश्वसनीयता तथा भेदभावरहीत प्रतिस्पर्धाको प्रवर्द्धन गर्न र सार्वजनिक स्रोत साधनको उच्चतम उपयोगको उद्देश्य हासिल गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) को व्यवस्था र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार उपयोग गरी,

तलकोट गाउँपालिकाको कार्यपालिकाले " "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि २०७७" बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ : क)** यस कार्यविधिको नाम " घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा र व्याख्या :** क) निर्माण व्यवसायी भन्नाले यस कार्यविधि बमोजिम "घ" वर्गको इजाजत प्राप्त गरेका वा गर्न अयोग्य नरहेका निर्माण व्यवसायीलाई बुझ्नुपर्छ ।

ख) गाउँपालिका भन्नाले तलकोट गाउँपालिकालाई बुझ्नुपर्छ ।

ग) कार्यालय भन्नाले तलकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नुपर्छ ।

घ) कार्यविधि भन्नाले "तलकोट गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि २०७७" लाई बुझ्नुपर्छ ।

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि निर्माण कार्य गर्न वा गराउन हुँदैन ।

तलकोट गाउँपालिका

**४.नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था** : १) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसुचि –१ बमोजिमको दाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि यस तलकोट गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्दछ ।

२) उप दफा (१ ) बमोजिम पर्न आएका दरखास्तहरू सम्बन्धमा प्रमूख प्रशासकीय अधिकृतले अनुसुचि– ५ बमोजिको योग्यता भए नभएको सम्बन्धमा सिभिल इन्जिनियर/ सब ईन्जिनियर सहितको सदस्य रहेको तीन सदस्यीय समितिबाट जाँचबुझ गराउनुपर्नेछ ।

३) दफा (२) उपदफा (२) बमोजिमको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले ईजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

४) उपदफा (२) बमोजिमको समितिले गरेको सिफारिस समेतलाई हेरी कार्यपालिकाले न्यूनतम् योग्यता पूगेका निर्माण व्यवसायी/फर्म/ कम्पनीलाई निर्णय बमोजिम यस कार्यविधिको अनुसुचि –२ बमोजिमको दस्तुर लिई अनुसुचि– ३ बमोजिको ढाँचामा ईजाजतपत्र प्रदान गर्नेछ ।

**५. ईजाजतपत्रको अवधि र नवीकरण :**

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि यही कार्यविधिको दफा (६). बमोजिम खारेज वा अन्यथा कानूनमा व्यवस्था भएकोमा बाहेक जुन आर्थिक वर्षमा प्रदान गरिएको हो, सोही आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य हुनेछ ।

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु/ बुझाउनु पर्ने सम्पूर्ण रकम सम्बन्धित् कर कार्यालयलाई बुझाई करचुक्ताको प्रमाणपत्र तथा फर्म वा कम्पनी दर्ता नवीकरण सहित गाउँपालिकाले तोकेको अनुसुचि –४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षमा फर्म वा कम्पनीले गरेका कार्यहरुको अद्यावधिक विवरण पेश गर्नु पर्नेछ ।

३) अनुसुचि –४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

४) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण माग गरेमा अनुसुचि –२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरी दिनेछ ।

**६. इजाजतपत्र खारेज वा रद्द गरिने :**

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

तलकोट गाउँपालिका

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्बन्धित् निकायबाट लेखी आएमा,

ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द वा खारेज गरेको जानकारी कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालय र सम्बन्धित सबै निकायलाई दिनेछ ।

३) उपदफा(१ ) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित् निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्ने मनाशिव माफिकको मौकाबाट बञ्चित गरिने छैन ।

४) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज भएमा सोको जानकारी कार्यालयले सम्बन्धित फर्म वा कम्पनीलाइ समेत दिनेछ ।

**७. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराएको वा नासिएको कारणले इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसुचि – २ बमोजिमको दस्तुर लिइ इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**८. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. बचाउ :**

१) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरू र यस कार्यालयबाट तदर्थ रुपमा प्रदान गरिएका इजाजतपत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

२) उपदफा १) बमोजिमका प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ ।

तलकोट गाउँपालिका

।।।समाप्त ।।।

अनुसुचि १

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित्

इजाजतपत्रका लागि दिइने दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

तलकोट गाउँपालिका, बझाङ्ग ।

विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।

महोदय,

तहाँ कार्यालयको " घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने कम्पनीको विवरण :

क) नाम : ..........................................................................

ख) ठेगाना : ........................................

ग) पोस्ट बक्स न. ................. वा इमेल ............................................................

घ) सम्पर्क नं .................................

२. फर्म वा कम्पनीको प्रकृति :

(कोष्ठमा रेजा लगाउनुहोस्)

| | |
|---|---|
| | प्राइभेट लिमिटेड कम्पनी |
| | एकलौटी फर्म |

३. सम्पर्कका लागि आधिकारिक व्यक्तिको विवरण :

तलकोट गाउँपालिका

क) नाम, थर :

ख) ठेगाना :

ग) सम्पर्क नं ........................................... घ) इमेल : .................................

ङ)पत्राचार गर्ने ठेगाना
:.....................................................................................

४. फर्म वा कम्पनीको विवरण :

क) दर्ता नं ..................... र दर्ता मिति :...................................

ख) अधिकृत पूँजी.................... ................
अक्षरमा........................................................................................

ग) जारी पूँजी (.....................................)

अक्षेरमा ..........................................................................

घ) दर्ता गर्ने कार्यालयको नाम र ठेगाना : .............................

५. इजाजतपत्र लिन चाहेको वर्ग : "घ" वर्ग

६. समूहीकरण हुन चाहेको समूह :

७. आर्थिक स्रोतको विवरण :

| | रकम | वित्तिय संस्था |
|---|---|---|
| | | |
| क) स्थायी ओभरड्राफ्ट | | |
| ख) मुद्दती खाता | | |
| ग) चल्ती खाता | | |
| घ) बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य भए छुट्टै पेश गर्ने

८. कामदारको विवरण : क) प्राविधिक ...........

ख) अप्राविधिक : ............

ग) अन्य : ......................

प्राविधिक कर्मचारीको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य तथा निजको मञ्जुरीनामा संलग्न राख्नुपर्ने ।

९. आफ्नै स्वामीत्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन र मेसिनरी औजारहरूको विवरण :

| सि.नं | नाम र विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

स्वामीत्वको कागजात र उक्त मेसिन औजारहरू चालू अवस्थामा छ भनी मेकानिकाल इन्जिनियरद्वारा प्रमाणित गरेको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि नं | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था ( प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

तल्लोकोट गाउँपालिका

| |
|---|
| ११. करचुक्ता गरेको प्रमाण कागजात :<br><br>क)<br><br>ख)<br><br>ग) |

| |
|---|
| यस दरखास्त फाराममा उल्लिखित व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । |

दरखास्तवालाको हस्ताक्षर :

नाम :..............

ठेगाना :

मिति :

निर्माण कम्पनीको छाप

द्रस्टव्य : यस दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रतिलिपि संलग्न राख्नपर्नेछ ।

तलकोट गाउँपालिका

अनुसुचि २ कार्यविधिको दफा ४ को उपदफा (४) र नियम ५ को उपदफा(२ ) सँग सम्बन्धित्

| क सं | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्रको दस्तुर | नवीकरण दस्तुर | नवीकरण थप दस्तुर | प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | ३०००/– | ३०००/– | ६०००/– | ५००/– |

द्रस्टव्य :

नवीकरण गर्दा दफा ५ को उपदफा ४) बमोजिमको म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा नवीकरण थप दस्तुरको महलमा उल्लिखित रकम मात्र लिनुपर्दछ ।

तलकोट गाउँपालिका

अनुसुचि –३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

**निर्माण व्यवसाय ईजाजतपत्र**

ईजाजतपत्र नं :  ४२५, जि.वि.स. बझाङ्ग

मिति २०७८/१०/२३( नवीकरण )

तलकोट गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

तलकोट बझाङ्ग ।

" घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को प्रथम संशोधन –२०७७ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न **तलकोट गाउँपालिका —१ सुनिकोट**.स्थित कार्यालय भएको साविक ( श्री जिल्ला विकास समितिको कार्यालय, बझाङ्गमा उल्लिखित दर्ता नम्बर कायम भएको) तपाईं **श्री रामणी निर्माण सेवा तलकोट—१**, लाई इजाजतपत्र प्रदान गरिएको छ ।

प्रो श्री जनार्दन बम्म,
जयपृथ्वी न.पा.–०८ बझाङ्ग ।

घ

**ईजाजतपत्र दिनेको**

......................

नाम : ब्रह्मलाल गिरी
दर्जा :नि. स्थानीय विकास अधिकारी

मिति : २०६५/१०/०३

तलकोट गाउँपालिका

द्रष्टव्य : हरेक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नहुन ॥ अवधि समाप्त भएको मितिले तीन महिना नाघि छ महिनाभित्रमा नवीकरण गराउन चाहने व्यवसायी/फर्म /कम्पनीले दोब्बर दस्तुर तिरी नवीकरणका निम्ती तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।नवीकरण गराउन आउँदा अनुसुचि ४ को ढाँचामा पासबुक पेश गर्नहुन ।

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं | नवीकरण गर्ने अधिकारीको दस्तखत् |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

तल्कोट गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | | | |

## अनुसुचि ४

( कार्यविधिको दफा ५ सँग सम्बन्धित )

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक कार्यको अभिलेख किताब

| क्र.सं | योजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम ( भएमा) | शेयर | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाटको हस्ताक्षर | समयावधि थप विवरण | Variation विवरण | प्रगति विवण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) रकम रु | क) नाम : | क) थप भएको समय | | | क) अन्तिम ठेक्का रकम | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | ख) थप आदेश दिने अधिकारी | | | ख) सम्पन्न मिति | |
| | | | | | ग) ठेक्का अवधि | ग) दस्तखत् | | | | | |
| | | | | | | छ) छाप | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तल्कोट गाउँपालिका

अनुसुचि ५

**“घ ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमता : प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालू पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्ने ।

२. मुख्य जनशक्ति विवरण :

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उतिर्ण एक जना प्रँविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उतिर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/ अर्थशास्त्रमा प्रमाणपत्र तह उतिर्ण एक जना व्यवस्थापकीय जनशक्तिको सेवा पूर्ण समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेसिन र औजार उपकरण :

निर्माण व्यवसायीले देहायका औजार उपकरण चालू अवस्थामा रहेको विवरण मेकानिकल इन्जिनियरबाट प्रमाणित गराइ पेश गर्नुपर्ने :

क) ट्रिपर वा ट्याक्टर – १ थान

ख) मिक्चर मेसिन – १ थान

ग) Theodolite / Level machine – १ थान

घ) वाटर पम्प – ३ (तीन) थान

ङ) भाइब्रेटर –३ (तीन ) थान

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामीत्वको प्रमाणपत्रका साथमा बीमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहहहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित उपकरणहरू कम्तीमा दुई वर्ष सम्ममा बेचविखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा पुरानो उपकरणहरू निर्माण व्यवसायीको स्तरबृद्धि हुने प्रयोजनका लागि मान्य हुने छैन ।

नलकोट नगरपालिका

आज्ञाले
यादव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

तलकोट गाउँपालिका